कमल गाउँपालिका

# कमल गाउँ कार्यपालिकाको कार्यालय झापाको सेवा करारमा दरखास्त आव्हान सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति २०७६।११।०५)

आ.ब. २०७६।७७ मा यसकमल गाउँपालिका अन्तरगतवडा नं. १, ३, ४, ५ र ७ मा नयाँ स्थापना हुन लागेको आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुमा रहेर काम काज गर्नका लागि "करारमा प्राबिधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्य बिधि,२०७४" अनुसार देहायको संख्यामा योग्यता प्राप्त प्राबिधिक कर्मचारी र कार्यालय सहयोगी पदहरुमा सेवा करारमा पदपुर्ति गर्नु पर्ने भएको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र राजस्व तिरेको रसिद सहित संलग्न राखी यस कार्यालयको स्वास्थ्य शाखाबाट दरखास्त फारम खरिद गर्न र पूर्ण बिबरणहरु भरी सोही शाखामा कार्यालय समय भित्र सो फारम पेश गर्न हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| सि नं | बिज्ञापन नं | पद | आवश्क माग पद संख्या | प्रति दरखास्त दस्तुर रु. | मासिक पारिश्रमिक रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ००१–२०७६/७७ | अ.हे.व. (चौथो तह) | ५ जना | रु. ५००।– | गाउँ कार्यपालिकाले तोके अनुसार | |
| २ | ००२–२०७६।७७ | अ.न.मि. (चौथो तह) | ३ जना | रु. ५००।– | | |
| ३ | ००३–२०७६।७७ | कार्यालय सहयोगी (श्रेणी बिहिन) | ५ जना | रु. ३००।– | | |

## आवश्यक योग्यता र अनुभव

1. नेपाली नागरिक हुनु पर्नेछ।
2. न्युनतम शैक्षिक योग्यता:- एस.एल.सी./एस.ई.ई. परीक्षा उतीर्ण गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.ब.को हकमा CMA र अ.न.मी.को हकमा ANM कोर्ष उतीर्ण भएको हुनुपर्ने छ।
3. उमेरको हद: दरखास्त पेश गर्ने मिति सम्ममा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको हुनु पर्नेछ।
4. CMA को हकमा नेपाल स्वास्थ्य व्यावसायी परिषद् र ANM को हकमा नेपाल नर्सिङ्ग परिषद्मा दर्ता भई म्याद ननाघेको प्रमाण पत्र हुनुपर्ने छ।
5. का.स.को हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम ८ औं कक्षा उतीर्ण गरेको प्रमाण पत्र हुनुपर्ने छ।
6. अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको हुनुपर्ने छ।
7. करार अवधि: २०७७साल अषाढ मसान्त सम्म हुनेछ।कार्य सम्पादन सनतोष जनक भएको खण्डमा पुन: म्याद थप हुन सक्ने छ।
8. कार्य विवरण र करार शर्तनामा यस कार्यालयले तोके बमोजिम हुने छ।
9. परीक्षाको किसिम:करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७४को दफा ४ अनुसार छनौट गरिने छ।

१०.परीक्षा मिति: दरखास्त आव्हानको अन्तिम मितिको दिन अन्तरबार्ता मिति तोकिने छ।

## दरखास्तमा संलग्न गर्नुपर्ने काजगातहरु :–

दरखास्त दिने उम्मेद्वारको व्यक्तिगत विवरण, नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी, अनुभवको प्रमाणित प्रतिलिपी तथा प्रचलित नेपाल कानुन बमोजिम विभिन्न काउन्सिल वा परिषद्मा दर्ता भएको प्रमाणित प्रतिलिपी संलग्न हुनुपर्नेछ। पेश गरिने सबै प्रतिलिपीको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्ने छ। स्थायी बसोबासका प्रमाणको हकमा नेपाली नागरिकता वा बसाईसराई प्रमाण पत्र वा स्थायी बसोबासको सिफारीस पेशगर्नुपर्ने छ।

**नोट: अन्तरर्वाता मिति र थप जानकारीका लागि** www.kamalmun.gov.np मा जानकारी प्राप्त गर्न सकिनेछ।

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत